# प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
## सानोठिमी, भक्तपुर

# सिलवन्दी बोलपत्र आब्हानको सूचना १/२०७४/०७५
(प्रथम पटक प्रकाशित मिति २०७४/१०/२७

यस परिषद्का अन्तर्गतका शिक्षालयहरु क्रमशः जिरी प्राविधिक शिक्षालय, जिरी, दोलखा, नेपाल बनेपा पोलिटेक्निक, बनेपा, काभ्रे तथा स्कूल अफ हेल्थ साइन्स, भरतपुर चितवनका लागि तपसिलमा उल्लेखित सवारी साधन सिलबन्दी बोलपत्रद्वारा आपूर्ति गराउनु पर्ने भएकोले **नेपाल सरकारबाट सम्वन्धीत कार्यमा इजाजत प्राप्त इच्छुक रजिष्टर्ड फर्म, संस्था, कम्पनी, अधिकृत विक्रेता वा सप्लायर्सबाट** निम्न शर्तहरुको अधिनमा रही रीतपूर्वक शिलवन्दी बोलपत्र पेश गर्न आब्हान गरिन्छ ।

| क. सं. | विवरण | विडवण्ड रकम | बोलपत्र फाराम दस्तुर |
|---|---|---|---|
| १. | **4WD Double Cab Pickup Vehicle (प्राविधिक स्पेसिफिकेशन अनुसार)** | ३,०००००/- | ३,०००/- |

(१) बोलपत्र सम्बन्धी कागजात (Tender Document) खरिद गर्न चाहने ईच्छुक रजिष्टर्ड फर्म, संस्था, कम्पनी, अधिकृत विक्रेता वा सप्लायर्स व्यवसायीहरुले व्यवसाय दर्ता प्रमाणपत्र, मू.अ.कर दर्ता प्रमाणपत्र र आ.व. २०७३/०७४ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न राखी लिखित आवेदन सहित वोलपत्र यस परिषद्को राष्ट्रिय बाणिज्य बैक, सानोठिमीमा रहेको आम्दानी च.हि.नं. **१७३०००००९०६** खातामा रु. ३,०००।- (फिर्ता नहुने गरी) बुझाइ प्रथम पटक प्रकाशित भएको मितिले ३० दिन भित्र (मिति २०७४/११/२७ गते कार्यालय समयमा खरिद गर्न सक्नेछन् ।

(२) बोलपत्र साथ यस परिषद्को राष्ट्रिय बाणिज्य बैक, सानोठिमीमा रहेको धरौटी च.हि.नं. **१७३०००००३०६** खातामा नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा सो रकम बरावरको यस कार्यालयको नाममा नेपाल राष्ट्र बैंकबाट "क" श्रेणीको ईजाजत प्राप्त कुनै वाणिज्य बैंकबाट बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तिमा एक सय बीस दिन अवधि विवरण समेत खुलाएको उपरोक्त रकम बरावरका सक्कल बिडबण्ड पेश गर्नुपर्नेछ ।

(३) शिलवन्दी वोलपत्र पेश गर्दा खाम बन्दी गरी लाहाछाप लगाई ३१ औ दिन (मिति २०७४ साल फाल्गुण २८ गते) दिनको १२:०० बजे भित्र यस परिषद्मा बोलपत्रदाता आफै वा आधिकारिक प्रतिनिधि मार्फत बोलपत्र दर्ता गराई सक्नु पर्ने छ । बोलपत्र साथ पेश गर्ने अन्य प्रतिलिपि कागजातहरुलाई नोटरी पव्लिकबाट प्रमाणित गराएको हुनुपर्ने छ । दाखिला भएका सिलवन्दी बोलपत्रहरु सोही दिन दिउँसो १:०० बजे उपस्थित बोलपत्रदाता वा निजको प्रतिनिधीको रोहवरमा यस परिषद्मा खोलिने छ । बोलपत्रदाता वा निजहरुको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

(४) बोलपत्र खरिद एवं दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो कार्यहरु विदाको लगत्तै पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

(५) बोलपत्रमा दर अंक र अक्षर दुवैमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षर बिच फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । बोलपत्र फारामको प्रत्येक पानामा बोलपत्रदाताको सहिछाप हुनुपर्ने छ र दररेटमा केरमेट भएमा बोलपत्रदाताको सहीछाप अनिवार्य हुनु पर्नेछ । म्याद नाघी आएको र रीत नपुगेको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

(६) एक फर्म, संस्था वा कम्पनीको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म, संस्था वा कम्पनीको नामबाट पेश गर्न पाइने छैन ।

(७) शिलवन्दी वोलपत्र खरिद वा दर्ता गर्ने फर्महरुले बोलपत्रमा उल्लेख गरिएको कामको सम्वन्धमा राम्ररी बुझि शिलवन्दी बोलपत्र भरेको मानिने छ ।

(८) सिलवन्दी बोलपत्र पेश गर्दा सम्वन्धित आधिकारिक सप्लायर्सको प्रमाण-पत्र, मोडल नं., क्याटलग/क्याटलगको प्रतिलिपि/म्यानुयल अनिवार्य रुपमा पेश गर्नुपर्ने छ, नगरेमा उक्त बोलपत्रलाई मूल्याङ्कनमा समावेश गरिने छैन ।

(९) बोलपत्र स्वीकृत गर्ने, रद्द गर्ने र आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस परिषद्मा सुरक्षित रहनेछ ।

(१०) सूचनामा उल्लेख नभएको कुराहरुको हकमा सार्वजनिक खरीद ऐन, २०६३ र सार्बजनिक खरिद नियमावली २०६४ बमोजिम हुनेछ ।

(११) यस सम्बन्धमा थप केही वुझ्नु परेमा यस परिषद् कार्यालयको सम्पत्ति व्यवस्थापन शाखामा कार्यालय समय भित्र आई वुझ्न सकिनेछ ।

सम्पर्क फोन नं: ०१-५६३९५८६ र ६६३०४०८